# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

## प्रेस-विज्ञप्ति

इजरायल र इरानबीच चर्किएको द्वन्द्वका कारण त्यहाँ बसी रहनु भएका नेपालीहरुको सुरक्षाका बारे हामी चिन्तित छौं। यसै बीच इरानले कतारस्थित अमेरिकी सैन्य बेसतर्फ (स्थानीय समय अनुसार सोमबार राती) मिसाइल प्रहार गरेको खबर आएको छ। कतारले आफ्नो वायु मार्ग (ब्चकअउबअभ) तत्कालका लागि बन्द गरेको छ । त्यहाँ रहेका विदेशी दूतावासहरूले आफ्ना नागरिकहरूलाई सतर्क रहन अपिल गरेका छन्। कतार, युएई, बहराइन, कुवेत, साउदी अरबलगायत खाडी मुलुकहरूमा रहेका लाखौं नेपालीहरुको सुरक्षाका बारेमा हामी चिन्तित छौं। सम्बन्धित देशका सरकारहरु, स्थानीय सुरक्षाकर्मी तथा नेपाली दूतावासका निर्देशनहरू पालना गर्न ती मुलुकहरुमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ दिदी बहिनीहरुलाई हामी हार्दिक अपिल गर्दछौं ।

भारत सरकारको समेत सहयोग लिएर इजरायल तथा इरानमा रहेका नेपालीहरुलाई सकुशल उद्धार गर्न नेपाल सरकार परराष्ट्र मन्त्रालयले गरिरहेको पहलको हामी प्रशंसा गर्दछौं। ती मुलुकहरुमा रहेका संघका सबै राष्ट्रिय समन्वय परिषद (एनसीसी) हरुलाई सक्रियतापूर्वक स्थानीय नेपाली समुदायलाई सही सूचना तथा जानकारी सहित सक्दो सहयोग गर्न अनुरोध गर्दछौं। एनआरएनए आइसीसीले पनि २४ सै घण्टा बदलिँदो परिस्थितिको अनुगमन गरिरहेको र नेपाल सरकार, सम्बन्धित दूतावासहरु तथा एनसीसीहरुसंग निरन्तर सम्पर्कमा रही हरसम्भव सेवा पुराउन तत्पर रहेको जानकारी गराउँदछौं।

अन्त्यमा, अहिले देखिएको युद्धको त्रासदी अन्त्य गर्न संयुक्त राष्ट्र संघका मूलभूत मान्यताहरुको पालना गर्दै कूटनीतिक माध्यमबाट छलफल र वार्ताद्वारा दीगो शान्तिका लागि पहल गर्न हामी सम्बन्धित सबै पक्षलाई अपिल गर्दछौं।

भवदीय,

महेश कुमार श्रेष्ठ
अध्यक्ष
अन्तर्राष्ट्रिय समन्वय परिषद
गैर आवासीय नेपाली संघ,
मितिः २३ जुन २०२५

बाबु राम (बी आर) लामा
महासचिव
अन्तर्राष्ट्रिय समन्वय परिषद
गैर आवासीय नेपाली संघ,
मितिः २३ जुन २०२५

P.O.B.1189 Kathmandu Nepal Email. info@nrna.world